नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
आर्थिक प्रशासन
(.............................शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np
मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७८/७९
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- ९५

मिति :- २०७८।०४।१२

**विषय :- राजस्व रकम बैंक दाखिला गर्ने सम्बन्धमा ।**

श्री नापी कार्यालय, सबै ।
श्री नगरकोट वेधशाला, भक्तपुर ।
श्री डिजिटल नापी कार्यालय, वनेपा ।
श्री विशेष नापी कार्यालयहरु

प्रस्तुत विषयमा यस विभाग तथा अन्तर्गत महाशाखा तथा सबै कार्यालयहरुमा संकलन हुने राजस्व रकमहरु देहाय वमोजिमका राजस्व संकेत नं. हरुमा सम्वन्धित बैंकमा दाखिला गर्नु हुन अनुरोध छ ।

| सि.नं. | संकेत नं. | राजश्व शिर्षक | व्याख्या |
|---|---|---|---|
| १ | १४१५१ | सरकारी सम्पत्तिको वहालवाट प्राप्त आय | सरकारी सम्पत्ति वहालमा दिएवापत प्राप्त हुने आय यसमा पर्दछ । जस्तैः सरकारी जग्गा, भवन तथा अन्य सम्पत्ति वहाल, कोठा तथा भोजनालय (रेष्टुरा) वहाल, मेच, पाल, त्रिपाल, हवाईजहाज, वग्गी, वैण्डवाजा, इन्जिन, रोलर, वुलडोजर, ट्याक्टर समेतका सरकारी सम्पत्ति प्रयोग गरे वापत प्राप्त हुने भाडा तथा सेवा शुल्क यसमा पर्दछ । |
| २ | १४२१३ | अन्य बिक्रिवाट प्राप्त रकम | सरकारको छापाखानाको छपाई दस्तुर, नेपाल राजपत्र एवं सरकारद्धारा प्रकाशित पुस्तक पुस्तिकाको बिक्रि तथा लिलामवाट प्राप्त रकम, अभिलेख (रेकर्ड) बिक्रिका साथै मुद्रा तथा नापतौलको सामान : ढक, तराजु समेतको प्रमाणित दस्तुर, नवीकरण दस्तुर र टक्सारको अन्य आय, नक्सा प्रिन्ट बिक्रि, औषधी बिक्रि तथा अन्य मालसामान बिक्रिवाट प्राप्त रकम समेत यसैमा पर्दछ । |
| ३ | १५१११ | बेरुजु | लेखा परिक्षणवाट कायम भएको बेरुजु (राजस्व वाहेकको) रकम असुल हुंदा प्राप्त रकम यसमा पर्दछ । तर राजस्व वापतको बेरुजु सम्बन्धित राजस्व शिर्षकमा नै जम्मा गर्नु पर्दछ । |
| ४ | १५११२ | निकासा फिर्ता | गत आर्थिक वर्षमा निकासा भएको रकम खर्च हुन नसकी फिर्ता भएको रकम यसमा समावेश गरिन्छ । जस्तौ पेश्की फिर्ता, नियोगको निकासा फिर्ता, नगदी कोष वाट फिर्ता भएको रकम आदि । |

(मातृका भट्टराई)
उप–सचिव (लेखा)